nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

30°C । वर्ष :११, अंक : ३९ पृष्ठ ४ । शुक्रबार,१० असोज २०८२ । FRIDAY, SEPTEMBER 26, 2025 .nepalpostdaily.com । मुल्य ५ रुपैंया

## नारायणी अस्पतालमा सेवा गुणस्तर सुधारको माग

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०९ असोज ।***

नारायणी अस्पतालमा गुणस्तरीय स्वास्थ्य सेवा दिन चुनौती बढ्दै गएको भन्दै सूचना अधिकारी डा. उदय नारायण सिंहले सामाजिक सञ्जालमार्फत गम्भीर ध्यानाकर्षण गराएका छन् ।उनका अनुसार, अस्पतालको आकस्मिक विभागमा भौतिक पूर्वाधार, जनशक्ति र सेवा सुविधाको चरम अभाव छ।

हाल २५ सैयाको आकस्मिक वार्डमा दैनिक १२०–१५० बिरामी आउने गर्छन् तर बेड अभावले बिरामीलाई भुईंमै राखेर उपचार गर्नुपर्ने अवस्था छ ।त्यस्तै, एक सिफ्टमा १–२ चिकित्सक र २–३ स्वास्थ्यकर्मी मात्रै ड्युटीमा रहने हुँदा सेवा प्रभावित हुने गरेको उनले बताए । "प्रभावकारी उपचारका लागि कम्तीमा ३ चिकित्सक र ६ पैरामेडिक्स चाहिन्छ," डा. सिंहले भने । उनले चिकित्सक र




कर्मचारीहरूको तलब तथा सुविधा न्यून भएकाले धेरैलाई बाहिर काम गर्न बाध्य भएको पनि उल्लेख गरे । आवास सुविधा नहुँदा थप समस्या भएको उनले बताए ।हालै भाइरल भएको भिडियोबारे स्पष्ट पार्दै डा. सिंहले त्यो दृश्य माइनर इट (साना शल्यक्रिया कक्ष) को भएको जनाए । उनले कर्मचारी अभावको कारण सबै बिरामीलाई समयमा सेवा दिन नसकिएको बताए । "चुनौती धेरै छन्, समाधान कठिन छ । तर, नयाँ सरकारबाट केही आशा छ," डा. सिंहले भने । बिरामीको बढ्दो चाप, सीमित पूर्वाधार र जनशक्ति अभावले नारायणी अस्पतालको सेवा गुणस्तरमा गम्भीर प्रश्न उठेको भन्दै सम्बन्धित निकायलाई दीर्घकालीन समाधानमा ध्यान दिनुपर्ने आवश्यकता देखिएको छ ।

## मेडिकल पसलको आडमा लागुऔषधको कारोबार

***बीरगन्ज,०९ असोज ।***

मेडिकल पसलको आडमा लागुऔषध कारोबार गर्ने एक संचालकलाई जिल्ला प्रहरी कार्यालय रौतहटको लागुऔषध नियन्त्रण ब्युरोको टोलीले पक्राउ गरेको छ । लागुऔषध नियन्त्रण ब्युरोका सई तुल प्रसाद पुडासैनीको कमाण्डमा खटिएको टोलीले चन्द्रपुर नगरपालिका–७ नयाँबस्तीका ५३ वर्षीय लालबाबू (दिपेन्द्र) कुमार साहलाई पक्राउ गरेको हो ।विशेष सूचनाको आधारमा गरिएको छापामारीका क्रममा साहले मेडिकल पसलमार्फत प्रतिबन्धित लागुऔषध ट्रामाडोल बिक्री वितरण गर्ने गरेको पाइएको प्रहरीले जनाएको छ । टोलीले साहको पसल र घर दुवै ठाउँमा अनुसन्धान गर्दा ठूलो मात्रामा लागुऔषध बरामद भएको छ । घटनाको क्रममा



प्रहरी टोलीले ना.३३ प ९५३३ नम्बरको मोटरसाइकल चेकजाँच गर्दा साहकै साथबाट ट्रामाडोल ३०० पत्ता, ३,००० पिस बरामद गरेको जिल्ला प्रहरी प्रवक्ता डीएसपी राजु कार्कीले बताएका छन् । बरामद मोटरसाइकल, लागुऔषध र व्यक्तिलाई नियन्त्रणमा लिएर प्रहरी पोष्ट चन्द्रनगाहपुर तल्लो बजारमा ल्याई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । लागुऔषध नियन्त्रण ब्युरोका अनुसार प्रारम्भिक अनुसन्धानमा साहले मेडिकल व्यवसायको आडमा लामो समयदेखि ड्रग्स बिक्री गर्दै आएको आशंका गरिएको छ । प्रहरीका अनुसार घटनाको विस्तृत विवरण आउन अझ केही समय लाग्ने छ ।

## रक्सौल नाका हुँदै फर्जी पासपोर्टमा भारत प्रवेश गर्न खोज्ने नाइजेरियन नागरिक पक्राउ

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०९ असोज ।***

भारत–नेपाल सीमाको रक्सौल नाकामा फर्जी पासपोर्ट प्रयोग गरी भारत प्रवेश गर्न खोज्ने एक नाइजेरियन नागरिकलाई नेपाली आव्रजन विभागले पक्राउ गरेको छ । नेपालबाट भारततर्फ प्रवेश गर्ने क्रममा शंका लागेपछि गरिएको कडा जाँचपडतालका क्रममा ती नाइजेरियन नागरिकको पासपोर्ट नक्कली भएको पुष्टि भएको हो । आव्रजन विभागका अनुसार पक्राउ परेका विदेशी नागरिकले प्रयोग गरेको पासपोर्टको विवरण र स्वरुप मिल्दो नभएको पाइएपछि गहिरो छानबिन गरिएको थियो । जाँचपछि उक्त पासपोर्ट फर्जी रहेको खुलेपछि उनलाई नियन्त्रणमा लिइएको हो । सीमा क्षेत्रमा पछिल्लो समय फर्जी कागजातका



आधारमा आवत–जावत गर्ने क्रियाकलाप बढ्दै गएकोप्रति सुरक्षा निकायहरू सजग बनेका छन् । आव्रजन विभागले यस्ता गतिविधि नियन्त्रण गर्न चेकजाँचलाई कडा बनाएको जनाएको छ । "सीमामा अवैध गतिविधि रोक्न आव्रजनको टोली नियमित रूपमा निगरानी र कडाइका साथ जाँच गर्दै आएको छ," विभागका एक अधिकारीले बताए । फर्जी पासपोर्ट प्रयोग गरी सीमा पार गर्न खोज्ने ती नाइजेरियन नागरिकलाई अहिले नियन्त्रणमा राखेर थप अनुसन्धान अगाडि बढाइएको छ । अनुसन्धानपछि कानुनी प्रक्रिया अनुसार कारबाही अघि बढाइने बताइएको छ । सीमा सुरक्षामा खटिएका अधिकारीहरूले यस्ता घटनाले सीमा पार गर्ने विदेशी नागरिकको कडाइपूर्वक जाँचको आवश्यकता झनै बढाएको बताएका छन् ।

## बीरगन्जमा जेसीजद्वारा मानव सेवा आश्रमलाई फूलको गमला प्रदान

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०९ असोज ।***

बीरगन्ज जेसीजले आफ्नो ५३औं स्थापना दिवसको अवसरमा जेनजी आन्दोलनका शहीदहरूको स्मृतिमा मानव सेवा आश्रम वीरगन्ज शाखालाई ७५ थान फूलसहितको गमला प्रदान गरेको छ । 'एक शहीद, एक फूलसहितको गमला' नारासहित आयोजित कार्यक्रम बुधबार साँझ मानव सेवा आश्रम परिसरमै सम्पन्न भएको हो । कार्यक्रममा बीरगन्ज जेसीज २०२५ का अध्यक्ष सरोज चौरसियाले आश्रमका संस्थापक देवेश गुप्तालाई फूलसहितको गमला हस्तान्तरण गरे । सो अवसरमा अध्यक्ष चौरसियाले सुशासन र परिवर्तनका लागि ज्यान गुमाएका जेनजी आन्दोलनका शहीदहरूलाई श्रद्धाञ्जली अर्पण गर्दै भने, "त्यो आन्दोलनले युवा पुस्तामाथि अझ ठूलो जिम्मेवारी थपेको छ।" उनले बीरगन्ज जेसीजले



हरेक वर्ष आफ्नो स्थापना दिवस समाजसेवा मार्फत मनाउँदै आएको उल्लेख गर्दै यस वर्ष पनि त्यसलाई निरन्तरता दिएको बताए। मानव सेवा आश्रमका संस्थापक देवेश गुप्ताले बीरगन्ज जेसीजको सामाजिक उत्तरदायित्वप्रति प्रशंसा व्यक्त गर्दै, "युवाहरूको सक्रियताले समाजमा सकारात्मक परिवर्तन सम्भव छ," भन्ने विश्वास व्यक्त गरे । कार्यक्रम जेसीज अध्यक्ष सरोज चौरसियाको अध्यक्षता र समाजसेवी पशुपतिविक्रम शाहको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । कार्यक्रममा समाजसेवी उषा शाह, बीरगन्ज जेसीजका पूर्वअध्यक्षहरू गणेशमान श्रेष्ठ, निशान्त लामिछाने, अरविन्द श्रेष्ठ, मधु राणा लगायतको उपस्थिति रहेको थियो ।

## बीरगन्ज भन्सारमा १७९ सवारीसाधन रोकिँदै

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०९ असोज ।***

बीरगन्ज भन्सार कार्यालय मातहतका एकीकृत जाँचचौकी (आईसीपी) र सुख्खा बन्दरगाहमा १७९ वटा चारपाङ्ग्रे सवारीसाधन भन्सार पासको पर्खाइमा रोकिएका छन् । भन्सार प्रमुख प्रशासक विष्णुप्रसाद ज्ञवालीका अनुसार आईसीपीमा ७५ र सुख्खा बन्दरगाहमा १०४ सवारीसाधन रहेका छन् । चाडपर्व नजिकिँदै गर्दा आयातकर्ताले आवश्यक प्रक्रिया अघि बढाइरहेकाले गाडी क्रमशः पास हुँदै जाने उनले बताए । सुख्खा बन्दरगाहमा रहेका करिब २० सवारीसाधनको भन्सार प्रक्रिया




अघि बढिसकेको छ । चालु आर्थिक वर्षको पहिलो दुई महिनामै वीरगञ्ज नाकाबाट सात अर्ब १६ लाख रुपैयाँ बराबरका सवारीसाधन र पार्टपुर्जा आयात भएका छन् । यो अघिल्लो वर्षको सोही अवधिभन्दा करिब एक अर्ब ७५ करोड बढी हो । भन्सार कार्यालयले चाडपर्व नजिकिँदै गर्दा जाँचपास प्रक्रिया अझ तीव्र पारिने जनाएको छ ।

## बीरगन्जको घडिअर्वा छठ पूजा समितिको नयाँ नेतृत्व चयन

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०९ असोज ।***

आउँदो छठ पर्वलाई लक्षित गर्दै बीरगन्ज–१० घडिअर्वा पोखरीमा नयाँ छठ पूजा व्यवस्थापन समिति गठन गरिएको छ । बिहीबार सम्पन्न भेलाले राकेश साहलाई अध्यक्षमा सर्वसम्मत चयन गरेको छ । उपाध्यक्षमा आत्माराम साह कानु, सचिवमा सन्तोष साह कानु, सहसचिवमा सौरभ साह र कोषाध्यक्षमा कन्हैया गुप्ता रहेका छन्। यसैगरी, समितिमा प्रकाश सिंह, मुन्ना साह, बिदुर कलवार, शम्भु साह कानु, राकेश पाण्डे, उमाशंकर साह लगायत सदस्य चयन भएका छन् । वरिष्ठ सल्लाहकारमा राजेन्द्र साह, प्रमानन्द साह कानु, प्रमोद साह कानु, रामनगीना साह कानु, बाल्मिकी साह कानु, मदन प्रसाद कलवार, प्रेम साह कानु र हिरालाल साह कानु रहेका छन् । वडा नम्बर १० का वडाध्यक्ष सुशील साह

बाँकी तेश्रो पृष्ठमा➩

आन्तरिक पर्यटन प्रवर्द्धन गरौं ।

❖नेपालका हिमशृङ्खला, तालतलैया, निकुञ्ज तथा आरक्ष, धार्मिक एवं पर्यटकीय स्थलहरूको भ्रमण गरौं,

❖जात्रा, नाचगान, भेषभूषा, साहित्य, कलालगायत नेपाली संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गरौं,

❖पर्यावरणमैत्री पर्यटनको विकास गर्दै जैविक विविधता संरक्षण गरौं,

❖ग्रामीण पर्यटनका आधारको रुपमा रहेका होमस्टे, रैथाने खाना एवं सांस्कृतिक केन्द्रको विकास गरौं,

❖पर्यटकको सेवा, सुरक्षा र सद्भावमा ध्यान दिऔं,

❖स्वदेशी पर्यटकलाई प्रोत्साहन गरौं,

❖आन्तरिक पर्यटनमार्फत रोजगारी सिर्जना गरौं ।

पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं !

नेपाल सरकार
विज्ञापन बोर्ड

## नेपाली सेनाद्वारा वृक्षारोपण अभियान सुरु

***बीरगन्ज,०९ असोज ।***

वीरगन्ज महानगरपालिका–१३ बेल्वास्थित भेडाहा नदीको तटमा नेपाली सेनाले वृक्षारोपण सुरु गरेको छ । बीरगन्जमा रहेको नेपाली सेनाको श्रीजङ्ग गणका सेनाहरुले बेल्वास्थित सेनाको तालिम इलाका क्षेत्रको चार किलोमिटर नदी तटमा बिहीबारदेखि वृक्षारोपण सुरु गरेको हो । श्रीजङ्ग गणका गणपति तथा प्रमुख सेनानी

बाँकी तेश्रो पृष्ठमा➩

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०

# सम्पादकीय

## बजेटमा सुधारात्मक कटौती

जेनजी प्रदर्शनपछि बनेको अन्तरिम सरकारले आर्थिक वर्ष २०८२/८३ को बजेटमा कैंची चलाउँदै पुँजीगत खर्चमा कटौती र चालू खर्चमा सुधारात्मक कदम चालेको छ । केही महिनाअघि तत्कालीन सरकारलाई अर्थतन्त्र समग्र सुधारका लागि ३ सय ८० पृष्ठको प्रतिवेदन बुझाएका पूर्वअर्थ सचिव रामेश्वर खनाल स्वयं अर्थमन्त्री नियुक्त भएपछि कार्यान्वयनको तत्कालीन पहल थालेको देखिन्छ । यसले भर्खरैको आन्दोलनले ध्वस्त संरचना पुनर्निर्माण र तोकिएकै समयमा आमचुनावका लागि खर्च जुटाउनेगरी सरकार अघि बढेको संकेत दिएको छ । खासगरी संघीय सरकारले राजनीतिक लाभहानि हेरेर ससाना खुद्रे र टुक्रे आयोजनाका लागि छुट्टयाउने बजेटले पुँजीगत खर्च कनिका छरेजस्तै हुँदै आएको थियो । संघीयताको मर्मअनुसार त्यस्ता साना आयोजना प्रदेश वा स्थानीय सरकारले नै गर्नुपर्ने हो । तर व्यवहारमा त्यस्तो भइरहेको थिएन । यसपटक भने अन्तरिम सरकारले त्यस्ता टुक्रे बजेट निकासा रोक्ने निर्णय लिएको छ । त्यस्तै, १० लाख रुपैयाँभन्दा बढीका आयोजना उपभोक्ता समितिबाट नभई ठेक्कामार्फत गर्नुपर्ने व्यवस्था गरिएको छ । अर्थ मन्त्रालयले २०८२ असोज २ भित्र खरिद सम्झौता भइसकेका वा अन्तिम चरणमा पुगेका आयोजनाबाहेक अरू रोक्ने भनेको छ । तीन तहका सरकार, संसद् र जनप्रतिनिधि धान्न मुस्किल भएको भन्दै संघीयताप्रति नै प्रश्न उठिरहेका बेला अन्तरिम सरकारले प्रस्ट दुई सन्देश दिएको छ । पहिलो, प्रदेश खारेज हुँदैन । दोस्रो, अहिले संघ, प्रदेश र स्थानीय तहमा सल्लाहकार, प्रेसविज्ञ वा स्वकीय सचिवालयमा भरहेको जथाभावी नियुक्ति भने रोकिएको छ । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रिय सभा अध्यक्षबाहेकका कुनै पनि राजनीतिक पद तथा पदाधिकारीले अब सल्लाहकार राख्न नपाउने भएका छन् भने नेताका स्वकीय सचिव सुविधा खारेज गरिएको छ । त्यस्तै, नेता वा सरकारी पदाधिकारीले एकभन्दा बढी सवारी सुविधा लिन नपाउनेदेखि विदेश भ्रमणमा पनि कडाइ गरिएको छ ।

अत्यावश्यकबाहेक विदेश भ्रमणमा रोक लगाइएको छ भने राष्ट्रपति र प्रधानमन्त्रीको विदेश भ्रमणमा बढीमा १० जना मात्र जाने व्यवस्था गरिएको छ । सरकारले सत्तारूढ दलबीच भागबन्डा गरी गठन गरेका भूमि समस्या समाधान आयोग पनि खारेज गरेको छ । विगतमा सरकार परिवर्तन भएपिच्छे आयोग गठन र भंग हुँदै आएको थियो । यस्तै, तत्काल नयाँ दरबन्दी नथप्ने बरु अनावश्यकलाई घटाउने नीति सरकारले लिएको छ । अस्थायी तथा करारमा कर्मचारी राख्नसमेत रोकिएको छ ।

# यसरी घटाऔं घूस लेनदेन

**दीपेश घिमिरे**

जेन-जी पुस्ताले भदौ २३ मा गरेको आन्दोलनको जगमा भदौ २७ मा सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भयो । उक्त आन्दोलनको माग सरकारले सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्ध हटाउने र भ्रष्टाचार, राज्य दोहन तथा अनियमितताबाट सिर्जित सामाजिक एवं आर्थिक असमानताको अन्त्य गर्ने रहेका थिए । एकातर्फ सन् १९९७ देखि २०१२ को अवधिमा जन्मी-हुर्किएको डिजिटल प्रविधिमा अभ्यस्त जेन-जी पुस्ता र अर्कोतर्फ डिजिटल साक्षरता नै नभएको पुरानो पुस्ताका बीचमा स्पष्ट भिन्नता नेपालमा देख्न सकिन्छ । यद्यपि यी र यस्ता हरेक पुस्ताका नागरिक हरेक सेवा प्रदायक कार्यालयमा जाँदा घूस दिनुपर्ने अवस्थाबाट आक्रोशित छन् । त्यसैले भ्रष्टाचार नियन्त्रण र भ्रष्टाचारकै कारण सिर्जित असमानताको अन्त्यको माग लिएर जेन-जी पुस्ता सडकमा उत्रिएको थियो, जसलाई पुराना पुस्ताको पनि समर्थन थियो । युवाको एकै दिनको सडक आन्दोलनले ओली नेतृत्वको सरकार ढालिदिए । सामाजिक सञ्जालमाथिको प्रतिबन्ध तत्काल हट्यो भने भ्रष्टाचार नियन्त्रणका लागि ठोस काम अझै अगाडि बढेको छैन । प्रधानन्यायाधीशबाट अवकाश लिइसकेपछि वर्तमान प्रधानमन्त्री सुशीला कार्कीले देशमा बढ्दो भ्रष्टाचारका बारेमा गम्भीर चासो र चिन्ता लिने गरेकी थिइन् । यही पंक्तिकारद्वारा लिखित 'शासन र शासक : नेपाली दुःखका विविध आयाम' पुस्तकको विसं २०८० असार २ मा आयोजित विमोचन समारोहमा कार्कीले 'राजनीतिक नेताहरूमा जीवनभरि पुग्ने गरी एकै पटक कमाउने प्रवृत्ति मौलाएकाले भ्रष्टाचारमा लिप्त भएकालाई पाखा लगाएर युवालाई अवसर दिइनुपर्ने र भ्रष्टाचारीमाथि कारबाही गर्नुपर्ने' मा जोड दिएकी थिइन् । परिस्थिति भनौं वा नियति, परिबन्ध भनौं या चाहना,



कार्की स्वयंलाई यस्ता नेतालाई पाखा लगाएर युवालाई अवसर दिँदै भ्रष्टाचार नियन्त्रण गर्ने जिम्मेवारी प्राप्त भएको छ । भ्रष्टाचारविरुद्धको आन्दोलनको जगमा गठित अन्तरिम सरकारको नेतृत्व गरिरहँदा भ्रष्टाचार नियन्त्रणको आधारभूत संरचना निर्माण गर्नुपर्ने दायित्व र जिम्मेवारी पनि कार्कीले पाएकी छन् । यद्यपि, तोकिएको ६ महिनाको छोटो अवधिमा आमनिर्वाचन गर्दै धेरै काम गर्न गाह्रो देखिन्छ । तर, विगतदेखि नै सार्वजनिक वृत्तमा भ्रष्टाचार र यसको दुष्चक्रका बारेमा अभिव्यक्ति दिइरहेकी कार्कीको नेतृत्वमा रहेको सरकारले देशको विकास बढाउने र युवालाई आक्रोशित बनाउने भ्रष्टाचार नियन्त्रणका लागि ठोस आधार तयार पार्नुपर्नेछ । विभिन्न अध्ययन र तथ्यांकहरूले नेपाल उच्च भ्रष्टाचार हुने देशको सूचीमा रहेको देखाएको छ । उदाहरणका लागि, ट्रान्सपरेन्सी इन्टरनेसनलले प्रकाशित गर्ने भ्रष्टाचार अवधारणा सूचकांकमा नेपालले १०० मा जम्मा ३४ अंक मात्र प्राप्त गरी उच्च भ्रष्टाचार भएको देशको सूचीमा छ । यसैगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विसं २०७५ मा नेपालमा भ्रष्टाचार र सुशासनको अवस्थासम्बन्धी एक अध्ययन गरेको थियो । कुल ३ हजार ४ सय जनासँग गरिएको उक्त सर्वेक्षणले नेपालमा अधिक मात्रामा अतिरिक्त रकम (घूस) बुझाउनुपर्ने कार्यालयहरूका बारेमा उल्लेख गरिएको छ । जसलाई तालिकामा देखाइएको छ । सेवा प्रवाह गर्ने विभिन्न कार्यालयमा झाँगिएको खुद्रे भ्रष्टाचारले एकातर्फ सेवाग्राहीलाई राज्य तथा सरकारी निकायप्रति आक्रोशित बनाएको छ भने अर्कोतर्फ देशमा लगानीको वातावरणलाई समेत बिथोलेको छ । एउटा उदाहरण हेरौं । गत भदौ २३ मा कान्तिपुर दैनिकमा प्रकाशित एक समाचारअनुसार सामाजिक सञ्जाल प्लाटफर्म एक्सले नेपाल सरकारलाई पत्र लेख्दै अपारदर्शिता र भ्रष्टाचार उच्च रहेको देशमा दर्ता नगर्ने जनाएको थियो । यही घटनाले प्रस्ट देखाउँछ कि भ्रष्टाचारको अन्त्य नगरेसम्म न वैदेशिक लगानी भित्रिन्छ, न त देश विकास नै सम्भव छ । त्यसैले अन्तरिम सरकारले देशमा विद्यमान भ्रष्टाचारलाई न्यूनीकरण गरी कम भ्रष्टाचार हुने देशको सूचीमा पुऱ्याउनका लागि सरकारले ठोस र प्रभावकारी कदम चाल्नै पर्दछ । यसैबीचमा अन्तरिम सरकार गठनपश्चात् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सार्वजनिक सेवा लिँदा कतै ढिलासुस्ती गरे वा घूस मागे सिधै फोन गर्न आग्रहसहितको सूचना जारी गरेको छ । असोज ४ मा त्यस्तो सूचना जारी गर्दै प्रधानमन्त्री कार्यालयले फोन गर्न हटलाइन नम्बरसमेत सार्वजनिक गरेको छ । त्यसअघि नै अख्तियार दुरुपयोग अनुसन्धान आयोगकै टोल फ्री नम्बर तथा हेलो सरकारको हटलाइन नम्बर विद्यमान रहिरहेको अवस्थामा एउटा थप नम्बर सार्वजनिक गर्दैमा घूस लेनदेन घट्ने अवस्था देखिँदैन । घूस लेनदेन घटाउन औपचारिक फरमान जारी गरेर मात्र हुँदैन, ठोस परिणाम देखिने खालका नीतिगत, संस्थागत र संरचनागत सुधारको आवश्यकता छ । यसका लागि सेवा प्रवाह गर्ने तथा अन्य सार्वजनिक निकायहरूमा विद्यमान खुद्रे भ्रष्टाचार तथा घूस लेनदेनलाई नियन्त्रणका लागि सम्बन्धित कार्यालय प्रमुखलाई जिम्मेवार बनाउने प्रणाली निर्माण गर्नुपर्दछ । यसका लागि सेवा प्रदायक तथा अन्य सरकारी निकायलाई उक्त कार्यालय वा निकायमा हुन सक्ने घूस लेनदेन नियन्त्रणमा जिम्मेवार बनाउने गरी सूचना प्रविधिमा आधारित प्रणाली विकास गरौं । उक्त प्रणालीमार्फत देशभरका वडा तहका कार्यालयका प्रमुखदेखि प्रधानमन्त्रीसम्मलाई आफू मातहतमा भइरहेको वा हुन सक्ने सम्भावित घूस लेनदेन नियन्त्रणमा जवाफदेही र जिम्मेवार बनाउन सकिन्छ । यसका लागि प्रत्येक कार्यालयमा सेवा लिनका लागि जाने सेवाग्राहीलाई सेवा प्राप्त गरिसकेपछि अन्तिममा एउटा 'क्युआर कोड' प्रदान गर्ने व्यवस्था गरौं । प्रत्येक सेवाग्राहीले आफ्नो सेवा प्राप्त गरिसकेपछि उक्त कार्यको अन्तिम प्रविष्ट (सबमिट) हुनुभन्दा अगाडि प्रिन्ट हुने उक्त क्युआर कोड लिएर कार्यालयबाट बाहिर निस्किन्छन् । कार्यालयबाट बाहिर निस्किने गेटमा गोपनीयता कायम हुने गरी ठूलो डिजिटल डिभाइस राख्ने र उक्त क्युआर कोडलाई स्क्यान गर्ने व्यवस्था गरौं । क्युआर स्क्यान गरिसकेपछि उक्त डिभाइसमा एउटा प्रश्न आउँछ, जसमा सोधिन्छ कि तपाईंले सेवा लिने क्रममा घूसबापत अतिरिक्त रकम दिनुपऱ्यो ? उत्तरमा क. पऱ्यो र ख. परेन भन्ने आउँछ । प्रश्न र उत्तरलाई आवश्यकताका

बाँकी तेश्रो पृष्ठमा⇨

# कहाँ चुक्यो सुरक्षा संयन्त्र ?

**जे. पाण्डे**

कुनै पनि गुप्तचर संस्थाहरूको मूल काम नै भविष्यमा आइपर्न सक्ने सुरक्षा चुनौती र त्यसबाट उत्पन्न हुन सक्ने खतराहरू पहिचान गरी सरकार वा सुरक्षा निकायलाई अग्रीम सूचना वा सजाय गराउनु हो । चाहे त्यो आन्तरिक राजनीतिक द्वन्द्व होस् वा विदेशी मुलुकबाट हुने सक्ने सैन्य आक्रमण । यसबाहेक आर्थिक र सांस्कृतिक आक्रमणसमेत हुने गरेका छन् । आतंकवादी हमलाका धेरै घटना त भोग्दै र देख्दै आएका पनि छौं । यस्तो अवस्थाको सटिक विश्लेषणसहित जानकारी दिन हरेक मुलुकले गुप्तचर संगठन निर्माण गरेका हुन्छ । नेपालमा पनि राष्ट्रिय अनुसन्धान विभाग छ त्यसका ७७ जिल्लामा र ७ वटा प्रदेशमा कार्यालयहरू छन् । तर विभिन्न समयमा नेपालमा दोहोरिँदै आएका आन्तरिक राजनीतिक उथपुथल, हिंसा, आगजनी, तोडफोड र लुटपाटसँगै हत्याजस्ता हिंस्रक घटनाको छनक राष्ट्रिय अनुसन्धान विभागले प्राप्त गर्न र त्यसबाट उत्पन्न हुन सक्ने परिस्थितिका बारेमा सूचना प्राप्त गर्न असक्षम र असफल हुँदै आएको छ । काठमाडौंको नयाँ बानेश्वरमा भदौ २३ नवयुवा अर्थात् जेन–जीमाथिको नरसंहार र त्यसबाट उत्पन्न पस्थितिले अनुसन्धान विभाग र त्यहाँ कार्यरत अधिकारीहरू असक्षम भएको पुष्टि त गर्छ नै साथसाथै औचित्य माथि समेत गम्भीर प्रश्न खडा भएको छ । लगत्तै अर्को दिन २४ गते सिंहदरबारदेखि पूरै मुलुकभरका सरकारी निकायमा छानीछानी भएको आगजनीको सामान्य सुईंको समेत नपाउने विभागले राष्ट्र, राष्ट्रियता र क्षेत्रीय अखण्डता माथि आइपर्न सक्ने कुनै पनि खतरा पत्ता लगाएर सुरक्षा रणनीति बनाउन सघाउँलान् भन्ने आशा गर्नु व्यर्थ हुन्छ । युगोस्लाभियाका अडोल्फ आइखमान जो युद्ध अपराधी थिए । दोस्रो विश्वयुद्ध लगत्तै अर्जेन्टिनामा लुकेर बसेका थिए । लामो अनुसन्धानपछि जुन इजरायली जासुसी सस्था ओसादले पत्ता लगाएको थियो । गुप्त रूपमा अपहरण गरी इजरायल पुर्यायो । पछि मुद्दा चलाएर मृत्युदण्ड दियो । गुप्तचरका लागि यो अद्भुत क्षमताको प्रमाण साबित भएको छ । सन् १९६२ क्युबामा सोभियत संघले परमाणु मिसाइल लुकाएर राखेको थियो । जुन कुराको रहस्य सीआईएले पत्ता लगायो । त्यतिमात्र हैन जहाजमार्फत उपग्रह तस्बिर लिएर प्रमाणसमेत जुटायो । यो घटनाले अमेरिका र सोभियत संघबीच तनाव चुलियो । जसका कारण परमाणु युद्धको खतरा देखा परेको थियो । धेरै टाढा पनि न जाउ छिमेकी भारतको गुप्तचर संस्था 'र'कै कुरा गरौं । यो संस्थाले आफ्नै छिमेकी पाकिस्तानले तयार पारेको आणविक हतियार कार्यक्रम 'काहुता' पत्ता लगाएको थियो । सुरक्षा निकायले विवेकहीन भएर शक्तिको जथाभावी दुरुपयोग गर्न त मिल्दैन नै, एकले अर्कालाई दोष पन्छाएर उन्मुक्ति पाउनु हुँदैन । सन् १९८० मा यस्तो भरपर्दो सूचना प्राप्त गरेको भारतले आफ्नो सुरक्षा रणनीतिमा परिवर्तन गर्नुका साथै सुरक्षालाई अति मजबुत बनायो । २००६ मा लन्डन सहरमा ठूला आत्मघाती बम विस्फोटको योजना त्यहाँको जासुसी संस्थाले थाहा पाउनासाथ उसकै नेतृत्वमा धेरै अन्तर्राष्ट्रिय आतंकवादीहरू पक्राउ परेका थिए । जसले गर्दा हिसा रक्तपातका घटना हुन पाएनन ।इजरायल र हमासबीचको युद्ध अहिले पनि जारी छ । तर इजरायली आन्तरिक गुप्तचर संस्था सिन बेट आत्मघाती हमला गर्न तयार भएका मानिसहरूलाई पहिले नै पत्ता लगाएर कारबाही गरेको उदाहरण पनि छन् । धेरैजसो गुप्तचर संस्थाहरूले हुन सक्ने युद्ध, आतंकवाद र राजनीतिक परिवर्तनको पूर्वअनुमान गरेर ठूलो क्षति हुनबाट देशलाई बचाउने गरेका छन् । तर नेपालको गुप्तचर संस्था राष्ट्रिय अनुसन्धान विभाग र त्यस मातहतका अधिकारीले सयौंको संख्यामा सरकारी भवन जलाउने योजना पत्ता लगाउन नसक्दा देशले ठूलो आर्थिक र मानवीय क्षति सहनु परेको छ । हुन त तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीको नेतृत्वमा भारतको विदेशी गुप्तचर संस्था स्थापना गरिएको थियो । जसको काम विदेशी मुलुकहरूबाट गोप्य सूचना संकलनका साथै र भारतको राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने गतिविधि माथि निगरानी गर्नु थियो । सन् १९६८ मा भारत सरकारद्वारा स्थापना गरिएको थियो । जबकि ३१ अक्टुवर १९८४ मा उनकै सुरक्षागार्डले गान्धीको हत्या गरिदिए । यस्तो योजनको भारतीय गुप्तचरले सुईंको समेत पाएनन् । १९८४ मा गान्धीले 'अपरेसन ब्लु स्टार' चलाएकी थिइन् । जसअन्तर्गत भारतीय सेनाले अमृतसरको स्वर्ण मन्दिरमा शिख चरमपन्थी नेता भिन्द्रानवाले र उनका समर्थकलाई मारेका थिए । उक्त घटनाको प्रतिशोधमा इन्दिरालाई शिख अंगरक्षकहरूले गोली हाने । उनको हत्यापछि भारतभर शिख विरोधी दगा फैलिएको थियो । यो घटनामा पनि भारतीय गुप्तचरको असफलता प्रस्ट देखिन्छ । यदि बेलैमा गान्धीको हत्या योजनाको पत्ता लगाउन सकेको भए प्रतिशोधमा अकाल मानिसको ज्यान जाने गरी थप घटना हुन पा तर राष्ट्रिय अनुसन्धान विभाग र त्यसका अधिकारीहरू पटकपटक असफल र असक्षम देखिएका छन् । हुन सक्ने कुनै पनि घटनाको सूक्ष्म

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## लद्दाखमा हिंसात्मक झडपपछि कडा सुरक्षा प्रतिबन्ध

***काठमाडौं,०९ असोज ।***

भारत सरकारबाट बढी स्वायत्तताको माग गर्दै भएको प्रदर्शन हिंसात्मक बनेपछि चार जनाको मृत्यु र दर्जनौं घाइते भएको एक दिनमै भारतीय अधिकारीहरूले दुर्गम लद्दाख क्षेत्रका दुई मुख्य जिल्लामा सुरक्षा प्रतिबन्ध लगाएका छन् । अधिकारीहरूले लेह र कारगिलमा पाँच जनाभन्दा बढी भेला हुन रोक लगाएका छन् । बिहीबार सडकमा सयौं प्रहरी र अर्धसैनिक परिचालन गरिँदा बजार र व्यवसाय बन्द भएका छन् । उच्च उचाइको सहर लेहमै पदयात्रा रोकेपछि प्रदर्शनकारीहरूले ढुङ्गामुढा गरेका थिए । त्यसपछि प्रहरीले गोली, अश्रुग्याँस र लाठी प्रहार गर्दा कम्तीमा चार जनाको मृत्यु भएको र धेरै घाइते भएको जनाइएको छ । प्रदर्शनकारीहरूले सरकारी भवन र सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) को स्थानीय कार्यालयमा समेत आगजनी गरेका थिए । सन् २०१९ मा भारतले लद्दाखलाई जम्मु-काश्मीरबाट अलग गर्दै राज्यको दर्जा र अर्धस्वायत्तता खोसेपछि यस क्षेत्रमा राजनीतिक



अधिकार र भूमि संरक्षणका माग चर्किएका छन् । प्रदर्शन हालै भोक हडतालमा सहभागी दुई जनाको स्वास्थ्य बिग्रिएपछि सुरु भएको हो । रतको गृह मन्त्रालयले प्रहरीले 'आत्मरक्षा' मा गोली चलाएको बताउँदै शीर्ष जलवायु कार्यकर्ता सोनम वाङ्चुकको 'उत्तेजक भाषण' लाई हिंसाका लागि दोष दिएको छ । वाङ्चुकले त्यसपछि भोक हडताल फिर्ता लिएका छन् ।

यो हिंसा दशकौंयताकै सबैभन्दा ठुलो भएको बताइएको छ, जसले स्थानीय बासिन्दाको निराशालाई उजागर गरेको छ । सुरुमा सन् २०१९ को परिवर्तनलाई समर्थन गरेका उनीहरू अहिले भूमि कब्जा, व्यापार घाटा र नाजुक इकोसिस्टममा क्षतिको डरले असन्तुष्ट भएका छन् । लद्दाख प्रतिनिधिहरूले भारत सरकारसँग पटक-पटक वार्ता गरे पनि परिणाम प्राप्त भएको छैन । अर्को बैठक अक्टोबर ६ मा तोकिएको छ । यस क्षेत्र जलवायु परिवर्तनबाट पनि गम्भीर रूपमा प्रभावित छ । हिमनदीहरू तीव्र गतिमा पग्लिँदै गएर लाखौं मानिसको पानी आपूर्ति सङ्कटमा पारेको छ । चीनसँगको सीमा विवाद र सन् २०२० यताका सैन्य गतिविधिले प्रदूषण बढाई पग्लनलाई अझ गति दिएको छ ।

## बढ्दो मूल्यवृद्धिले अस्ट्रेलियामा जनजीवन प्रभावित

***काठमाडौं,०९ असोज ।***



अस्ट्रेलियामा वार्षिक मुद्रास्फीति दर चालु वर्षको अगस्ट महिनामा बढेर ३ प्रतिशत पुगेको छ, जुन पछिल्लो १३ महिनामै सबैभन्दा उच्च दर हो । यो वृद्धि महँगीको चपेटामा परिरहेको आम जनजीवनका लागि थप दबाबको संकेत हो । अस्ट्रेलियाको तथ्यांक कार्यालयले बुधबार सार्वजनिक गरेको विवरणअनुसार, उपभोक्ता मूल्य सूचकांक पछिल्ला १२ महिनामा तीन प्रतिशतले बढेको छ, जुन अघिल्लो महिना अगस्टमा २.८ प्रतिशत र जुलाईमा १.९ प्रतिशत मात्र थियो । यो वृद्धिदर सन् २०२४ सालको अगस्ट महिनापछिको सबैभन्दा उच्च दर हो, जब महँगी दर ३.५ प्रतिशत पुगेको थियो ।तथ्यांक कार्यालयका अनुसार महँगी बढ्नुमा मुख्य योगदान आवास खर्चमा ४.५ प्रतिशत वृद्धि, खाद्य र नरम पेय पदार्थमा ३ प्रतिशत वृद्धि तथा चुर ोटमा ६ प्रतिशत वृद्धि रहेको छ । बिजुली महसुल भने झनै बढी २४.६ प्रतिशतले बढेको छ । सरकारी राहत योजना समाप्त भएपछि यो वृद्धिदर देखिएको हो । राहतको प्रभाव हटाएर हेर्दा बिजुलीको मूल्यवृद्धि ५.९ प्रतिशत मात्र रहेको कार्यालयले जनाएको छ । राष्ट्रिय बैंकले प्राथमिकता दिने आधारभूत महँगी दर अगस्ट महिनामा २.६ प्रतिशत रहेको छ, जुन अघिल्लो महिनाको तुलनामा ०.१ प्रतिशतले घटेको हो । अस्ट्रेलियाको मौद्रिक नीति समितिले अगस्तमै सार्वजनिक गरेको अनुमान अनुसार, हालको आधा वर्षमा महँगी दर ३ प्रतिशतभन्दा माथि पुग्नेछ र मात्र २०२७ सालको मध्यतिर दुईदेखि तीन प्रतिशतको लक्ष्यभित्र फर्किनेछ । त्यसैगरी, आधारभूत महँगी दर भने २०२६ र २०२७ सालभर स्थिर रहने अनुमान गरिएको छ ।

## डेनमार्कमा एक सातामै अर्को विमानस्थल बन्द




***काठमाडौं,०९ असोज ।***

डेनमार्कले आफ्नो अर्को विमानस्थल पनि बन्द गरेको छ । आकाशमाथि अज्ञात ड्रोन देखिएपछि डेनमार्कले आल्बोर्ग विमानस्थल बन्द गरेको हो । यस विमानस्थललाई व्यावसायिक र सैन्य उडानका लागि प्रयोग गरिँदै आएको छ । केही दिनअघि मात्रै अज्ञात ड्रोन देखा परेपछि देशको मुख्य विमानस्थल कोपेनहेगन विमानस्थल अस्थायी रूपमा बन्द गरिएको थियो ।

बिहीबार बिहान उत्तरी डेनमार्कमा रहेको आल्बोर्ग विमानस्थल नजिक एकभन्दा धेरै ड्रोन देखिएको डेनिस प्रहरीले भनेको छ । सोमबार कोपेनहेगन विमानस्थलको आकाशमाथि चार घण्टासम्म अज्ञात ड्रोन घुमिरहेपछि विमानस्थल बन्द गरिएको थियो । आल्बोर्ग विमानस्थल बन्द भएपछि सैन्य बल प्रभावित भएको प्रहरीले भनेको छ । ड्रोन त्यसरी घुमिरहनुको उद्देश्य के हो र यसलाई कसले चलाएको थियो भनेर अहिले नै भनिहाल्नु हतार हुने पनि प्रहरीको भनाइ छ ।

बिहीबार बिहान ड्रोन आल्बोर्ग विमानस्थलमाथिको आकाशबाट गए पनि देशको पश्चिमी क्षेत्रमा रहेको इस्बजर्ग, सोन्डरबर्ग र स्क्र्याइड्स्ट्रप सहरका विमानस्थल आसपास देखा परेको खबर आएको प्रहरीले बताएको छ ।

## यसरी घटाऔं घूस............

आधारमा नेपाली, अंग्रेजी वा अन्य स्थानीय भाषामा पनि राख्न सकिन्छ । सेवाग्राहीले त्यसमध्ये एउटा विकल्पमा छोएर (टच गरेर) उत्तर दिएपछि मात्रै उनले लिएको सेवाको अन्तिम प्रविष्ट हुने गरी प्रणाली बनाऔं । यसो गर्दा सेवाग्राहीले मात्र उत्तर दिनेछन्, कार्यालयका कर्मचारीले त्यस्तो झूट जवाफ दिन पाउने छैनन् । साथै प्रत्येक सेवाग्राहीले उत्तर नदिएसम्म अन्तिम प्रविष्ट नहुने भएका कारण अनिवार्य रूपमा उत्तर दिनेछन् । यसरी दिएको जवाफ त्यसभन्दा माथिका निकायमा स्वत: रेकर्ड जाने प्रणालीको विकास गरौं । यसलाई प्रत्येक वर्षको वैशाख १ देखि चैत मसान्तसम्मको तथ्यांकलाई एकीकृत गरी कति प्रतिशतले उक्त कार्यालयमा सेवा लिन जाँदा घूस दिनुपर्‍यो र कति प्रतिशतले दिनुपरेन भनेर विवरण तयार पारौं । पहिलो वर्ष यसरी प्रकाशित भएको विवरणलाई 'बेसलाइन' का रूपमा लिऔं । पहिलो वर्षको तथ्यांक अर्थात् बेसलाइन तयार भइसकेपछि सम्बन्धित कार्यालय प्रमुखलाई उसको कार्यालयको नागरिकले घूस दिने क्रम घटाउनका लागि निश्चित लक्ष्यसहितको कार्यसम्पादन सम्झौता त्यसभन्दा माथिल्लो निकायले गरौं । उदाहरणका लागि कुनै मालपोत कार्यालयको बेसलाइन तथ्यांक ९० प्रतिशत आयो अर्थात् पहिलो वर्ष ९० प्रतिशत सेवाग्राहीले घूस दिएर मात्र काम गरे भन्ने जवाफ दिएका छन् भने दोस्रो वर्ष त्यसलाई ७० वा ६० कति प्रतिशतमा झार्न सकिन्छ भन्ने लक्ष्य दिऔं । यसका आधारमा भूमिसुधार व्यवस्थापन विभागको प्रमुखलाई पनि जिम्मेवारी दिऔं र कार्यसम्पादन सम्झौता गरौं । अर्थात् विभागअन्तर्गतका सम्पूर्ण कार्यालयको पहिलो वर्षको एकीकृत घूस दिने प्रतिशत ९० रहेको छ भने समग्रमा उक्त विभागका सेवाग्राहीले घूस दिने अवस्थालाई ६० प्रतिशतमा झार्ने गरी जिम्मेवारी दिऔं । साभार अन्नपूर्ण पोस्ट ।

## कहाँ चुक्यो सुरक्षा.......

अध्ययन अनुसन्धान र विश्लेषणको क्षमता नै देखिँदैन । न त त्यो तहमा पहुँच राख्छन् जहाँबाट सुरक्षा चुनौती र खतरा हुन सक्छ । त्यसैको उदाहरण हुन् गत भदौ २३ र २४ मा काठमाडौंसहित देशका विभिन्न जिल्लामा भएका हत्या, हिंसा लुटपाट र आगजनी । साइबरस्पेसमा गुप्त अनुगमन, सामाजिक सञ्जाल, वेबसाइट आदिको विश्लेषण गर्न समेत नसकेको देखिन्छ । यसको मुख्य कारण हो राजनीतिक आधारमा नेताहरूले गर्ने भर्ना र त्यसै आधारमा दिइने नियुक्ति । साँच्चै भन्ने हो भने यो विभागमा राजनीतिक पार्टीका झोलेहरू धेरै छन् । जसले प्राविधिक पक्षको विश्लेषण गर्न सक्दैनन् । जबकि हरेक विषयका विशेषज्ञ ,वैज्ञानिक तथा इन्जिनियर पृष्ठभूमि भएका व्यक्तिहरूलाई नियुक्त गरिनुपर्ने हो । तर त्यसो गरिँदैन । साभार ईकान्तिपुर ।

## बीरगन्जको घडिअवा....

कानु पनि सल्लाहकारको भूमिकामा रहनेछन् ।निवर्तमान अध्यक्ष दिलिप साह कानुको अध्यक्षतामा बसेको भेलामा वडाध्यक्ष, स्थानीय क्लबका पदाधिकारी, पूर्वअध्यक्ष तथा युवाहरूको उपस्थिति थियो । नवगठित समितिले पहिलो बैठकबाट उपसमिति गठन गरी छठ पूजाको तयारीलाई तीव्र पार्ने जनाएको छ ।

## नेपाली सेनाद्वारा..........

लोकेन्द्र कार्कीले भेडाहा खोलाको नदी कटान हुने क्षेत्रलाई लक्षित गरेर बाँसको बिरुवा रोपिएको जानकारी दिए ।' श्रीजङ्ग गणको तालिम इलाकाको चार किलोमिटर नदी तटीय क्षेत्रमा १५ मिटरको अन्तरमा करिब ६ सय बाँसको बिरुवा रोप्ने अभियान थालनी गरेका छौं,' उनले भने, 'यो अभियान असोज महिनाभरि नै सञ्चालन गरिनेछ ।'कार्कीले बाँसको बिरुवाले नदीको कटान र धार परिवर्तनलाई रोक्न मद्दत हुने भएकाले वृक्षारोपण अभियान अघि सारेको बताए ।'एकातर्फ पर्यावरणको संरक्षण र संवर्द्धन गर्न मद्दत पुग्नेछ', उनले भने, 'यसले भूसंरक्षण र नदी कटान लगायतको समस्यालाई रोकथाम गर्ने अपेक्षा गरेका छौं ।

## मधेसका गरिबले........

स्थानीयहरूका अनुसार यस अवसरले स-साना नानीहरूको खानपिन र घरको सजावटमा सहयोग पुगेको छ ।माटो बिक्रीको यस परम्पराले मधेसका गरिब परिवारका लागि चाडपर्व खर्च व्यवस्थापन गर्ने एक महत्वपूर्ण स्रोतको रूपमा काम गर्दै आएको छ ।

## आजैदेखि मतदाता........

मसान्तसम्म नामावली संकलन गर्ने लक्ष्य राखेको छ । नागरिकहरूले अब नाम दर्ता गर्नका लागि लाइन लाग्नुपर्ने झन्झटबाट मुक्ति पाउने भएका छन् ।

आयोगको यो निर्णयले विभिन्न कारणले नाम लेखाउन नपाएका हजारौं नागरिकहरूलाई आगामी निर्वाचनहरूमा मतदान गर्न पाउने बाटो खुलेको छ ।

# स्वास्थ्य

## भिटामिन बी-१२ को कमीले बढाउँछ नकारात्मक सोच र मानसिक समस्या




शरीरलाई स्वस्थ रहन र महत्त्वपूर्ण दैनिक कार्यहरू गर्न धेरै प्रकारका पोषक तत्त्वहरू चाहिन्छ । यसमा प्रोटिन, भिटामिन र मिनरल्स पनि पाइन्छ । भिटामिन शरीरको लागि धेरै महत्त्वपूर्ण छ । भिटामिन बि १२ विभिन्न प्रकारका खानाहरूमा पनि पाइन्छ । भिटामिन बी १२ ले शरीरमा धेरै चीजहरू नियन्त्रण गर्छ । यसले शरीरमा रातारात रक्तकोष र डीएनए उत्पादन गर्छ । यसबाहेक यसले छाला, हड्डी र खुट्टा बलियो राख्छ । भिटामिन बी १२ हाम्रो मानसिक स्वास्थ्य कायम राख्न पनि महत्त्वपूर्ण छ । यसको कमीले स्मरणशक्तिमा कमी हुनुका साथै डिप्रेसन र चिन्ताजस्ता समस्याहरू निम्त्याउन सक्छ । मनमा नकारात्मक विचार पनि आउन सक्छ, जसले मानसिक स्वास्थ्यमा असर गर्छ । आउनुहोस् जानौं कुन चीजमा भिटामिन बी १२ को कमीले स्वास्थ्यमा कस्तो असर पार्न सक्छ । केही अनुसन्धान रिपोर्टहरूका अनुसार भिटामिन बी १२ र बि समूहले अन्य भिटामिनहरू जस्तै मस्तिष्कमा विभिन्न रसायनहरू उत्पादन गर्न प्रमुख भूमिका खेल्छ । तिनीहरूको कमीको कारण, मूड स्विंग, डिप्रेसन र मानसिक स्पष्टतासँग सम्बन्धित समस्याहरूको जोखिम हुन्छ । विशेषगरी भिटामिन बी १२ को कमीले मनमा बेकार, नकारात्मक वा गडबड गर्ने विचार आउन सक्छ ।भिटामिन बी १२ को कमीले थकान, सास फेर्न कठिनाइ र ऊर्जा स्तर कम हुन सक्छ । यसको कमीका कारण मांसपेशी दुख्ने समस्या बढ्न सक्छ । खासगरी घाँटी दुख्ने समस्या बढ्ने खतरा हुन्छ । खासमा भिटामिन बि १२ मासु, माछा, अण्डा र डेयरी उत्पादनहरूमा पाइन्छ । शाकाहारीहरूले आफ्नो आहारमा फोर्टिफाइड ब्रेकफास्ट सिरियल, फोर्टिफाइड बिरुवामा आधारित दूध (जस्तै सोया वा बदामको दूध), र फोर्टिफाइड पोषण खमीर समावेश गर्न सक्छन् । कुखुरा, माछा, अण्डा र अन्य मासु भिटामिन बि १२ को राम्रो स्रोत हो । दूध, पनिर र दहीजस्ता दुग्धजन्य पदार्थमा भिटामिन बी १२ पाइन्छ । भिटामिन बि १२ ले शरीरको धेरै महत्त्वपूर्ण कार्यहरू गर्दछ । यसले शरीरमा राता रक्त कोशिकाहरू उत्पादन गर्न मद्दत गर्छ । यसले तंत्रिका कोशिकाहरूलाई स्वस्थ राख्न मद्दत गर्दछ । भिटामिन बि १२ ले डिएनएको निर्माणमा पनि आवश्यक छ । यसले खानालाई ऊर्जामा रूपान्तरण गर्ने प्रक्रियामा मद्दत गर्छ र शरीरलाई तन्दुरूस्त बनाउन मद्दत गर्छ ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

महागढीमाई नगरपालिकाको कार्यालय
बरियारपुर, बारा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको
कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

फेटा गाँउपालिकाको
कार्यालय, फेटा, बारा

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।

परवानीपुर गाँउपालिकाको
कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।


करैयामाई गाउँपालिकाकोकार्यालय
करैया, बारा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।

पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय
पटेर्वा सुगौली, पर्सा

# धनुषाका १८ पालिकाको खाता सञ्चालनमा आउन नसक्दा आर्थिक कारोबार ठप्प

***जनकपुर,०९ असोज ।***




धनुषाका जिल्लाका १८ पालिकाको खाता सञ्चालनमा नआउँदा आर्थिक कारोबार ठप्प भएको छ । यसबाट विशेष गरेर कर्मचारी समस्यामा परेका छन् । कोष तथा लेखा नियन्त्रकको कार्यालयका अनुसार जिल्लाका एक उपमहानगरपालिका, ११ नगरपालिका तथा छ गाउँपालिकाको खाता सञ्चालनमा नआएको हो । चालु आर्थिक वर्ष बितेको दुई महिना भए पनि स्थानीय तहको खाता नखुल्दा कर्मचारीले तलब सुविधादेखि विकास निर्माणको कार्यसमेत ठप्प भएको छ । साथै बजेट खर्चसम्बन्धी आर्थिक कारोबार नभएको सो कार्यालयले जनाएको छ । स्थानीय तहको खाता सञ्चालनका लागि नगरसभा वा गाउँसभा सम्पन्न गर्नुपर्ने, आर्थिक र विनियोजन विधेयक पारित गर्नुपर्ने, चालु वर्षको बजेट पारित गर्नुपर्ने तथा अघिल्लो वर्षको खर्चको हिसाब बुझाएर मात्र खाता मिलाउनुपर्ने कानुनी प्रावधान रहेको सो कार्यालयले जनाएको छ । धनुषाका अधिकांश स्थानीय पालिकाले ती प्रक्रिया पूरा नगरेकोले खाता बन्द रहेको छ । सो कार्यालयका अनुसारले १८ पालिकामध्ये १० पालिकाले चालु आर्थिक वर्ष २०८२/८३ को बजेटसमेत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलगायत सम्बन्धित निकायमा पेस नगरेको बताइएको छ ।

खाता सञ्चालनमा नआउँदा स्थानीय विकास निर्माणका योजना सञ्चालन गर्न समेत समस्या भएको बताइएको छ ।

# मधेसका गरिबले माटो बेचेर चाडपर्व खर्चको जोहो गर्दै

***जनकपुर,०९ असोज ।***

दशैं नजिकिँदै गर्दा मधेसका आर्थिक रूपमा कमजोर परिवारहरूले घरको पोत्ने र चाडपर्व खर्चको जोहो गर्न माटो बेच्न थालेका छन् । गरिब परिवारका महिलाहरू नवरात्र सुरु भएसँगै सेतो, पहेँलो र रातो माटो खोजी गरी बिक्री गर्दै जीविकोपार्जन गरिरहेका छन् ।स्थानीयहरूका अनुसार दशहरा, तिहार र छठमा घर भित्ता पोत्ने परम्परा हुँदा माटोको माग बढ्ने गर्छ । थारु महिला र अन्य गरिब महिलाहरू नदी, पोखरी र पहाडी थुम्का क्षेत्रबाट माटो सङ्कलन गर्दै घरमा पोत्ने काममा प्रयोग गर्ने र बिक्रीमार्फत चाडपर्व खर्च पूरा गर्दै आएका छन् ।भङ्गाहा-६ की पुर्नी महराले नवरात्रको चौथो दिनसम्म पाँच हजार रुपैयाँ आम्दानी गरिसकेकी छिन् र अझै केही दिन मेहनत गर्दा थप पाँच-सात हजार रुपैयाँ आम्दानी हुने देखिएको छ ।

बाँकी तेश्रो पृष्ठमा


# आजैदेखि मतदाता नामावली संकलन सुरु

***काठमाडौं,०९ असोज ।***

मतदान गर्ने अधिकारबाट वञ्चित भएका हजारौं नेपाली नागरिकहरूका लागि खुसीको खबर छ ।निर्वाचन आयोगले आजबाट नै मतदाता नामावली संकलन प्रक्रिया पुनः सुरु गर्ने तयारी गरेको छ । सरकारले हिजो मतदाता नामावली खुलाउने अध्यादेश जारी गरेलगत्तै आयोग सक्रिय भएको हो । आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार, आज दिउँसो बस्ने बैठकले नामावली संकलनसम्बन्धी कार्यविधि पारित गरी तत्काल कार्यान्वयनमा लैजानेछ । यसपटक आयोगले मतदाताहरूलाई ठूलो सुविधा दिँदै अनलाइन प्रणाली मार्फत पनि नाम दर्ता गर्न सकिने व्यवस्था मिलाएको छ । आयोगले कार्तिक

बाँकी तेश्रो पृष्ठमा

# पर्साका सरकारी अस्पतालमा रेबिजविरुद्धको खोप अभाव




**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०८ असोज ।***

पर्सा जिल्लाका दुई प्रमुख सरकारी अस्पताल नारायणी र पोखरिया अस्पतालमा विगत लामो समयदेखि सरकारले उपलब्ध गराउँदै आएको एन्टि-रेबिज भ्याक्सिनको (एआरभी) चरम अभाव देखिएको छ । यस अभावका कारण कुकुर, बिरालो वा स्यालको टोकाइबाट जोखिममा परेका बिरामीहरूको जीवन जोखिममा परेको छ भने उनीहरू महँगोमा निजी स्वास्थ्य संस्थामा धाउन बाध्य भएका छन् । प्राप्त जानकारी अनुसार नारायणी अस्पतालमा विगत करिब चार महिना देखि तथा पोखरिया अस्पतालमा तीन महिना जति अघिदेखि रेबिजविरुद्धको खोप सकिएको छ । समग्रमा पर्साका सरकारी अस्पतालहरूमा विगत आठ महिना देखि नै यो जीवनरक्षक खोपको उपलब्धतामा गम्भीर संकट आएको छ । पोखरिया अस्पतालका मेडिकल सुपरिडेन्ट (मेसु) आनन्द रौनियारले प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा बारम्बार जानकारी गराउँदा पनि अहिलेसम्म खोप पठाइएको छैन । रेबिजविरुद्धको खोप लिनका लागि वीरगञ्ज र आसपासका गाउँहरूबाट मात्र नभई छिमेकी जिल्लाहरूबाट समेत सेवाग्राहीहरू नारायणी अस्पतालमा आउने गर्छन् । तर, खोप नहुँदा उनीहरू रित्तै हात फर्किनुपर्ने बाध्यता छ । नारायणी अस्पतालका फिजिसियन डा. निरज सिंह भन्छन्, "बारा, पर्साको ग्रामीण क्षेत्रबाट दैनिक २० देखि २५ जना सेवाग्राहीहरू आउँछन् । सुई नभएकोले त्यसै फर्काउनुपर्ने बाध्यता छ ।" डा. सिंहले खोपको माग गर्दा पनि स्वास्थ्य विभागले उपलब्ध गराउन नसकेकोमा चिन्ता व्यक्त गरे । सरकारी अस्पतालहरूमा निःशुल्क उपलब्ध भनिए पनि सेवा शुल्कबापत करिब १०० रुपैयाँ लिइने यो खोप अभावका कारण बिरामीहरूले निजी मेडिकल वा क्लिनिकहरूबाट खरिद गर्न बाध्य छन् । निजी औषधी पसल वा क्लिनिकहरूले प्रति भाइल ५ सय देखि ७ सय रुपैयाँ सम्म लिने गरेका छन् । चिकित्सकहरूले आवश्यकता हेरी तीनदेखि पाँच भाइलसम्म सुई लगाउन सल्लाह दिने भएकाले, आर्थिक रूपमा कमजोर रहेका बिरामीहरूलाई यो ठूलो आर्थिक भार परेको छ ।कतिपय बिरामीहरू त खोप लिनका लागि सीमावर्ती भारतको रक्सौलस्थित डंकन अस्पताल सम्म पुग्न समेत बाध्य भएका छन् । रेबिज भाइरसबाट संक्रमित बाघ, स्याल, बाँदर जस्ता जंगली जनावर, साथै भुस्याहा तथा घरपालुवा ।

हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान चाड बडा दशैं, तिहार एवं छठ पर्व २०८२ को शुभ उपलक्ष्यमा देश विदेशमा रहनु भएका समस्त नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुस्वास्थ्य, दिर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

साउथ जोन
सम्पूर्ण परिवार

जापानिज इन्सेफलाइटिस् रोगबाट बच्ने उपायहरू

- लामखुट्टेको टोकाईबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो।
- हाँस, कुखुरा, सुँगर-बँगुर, घोडा जस्ता घरपालुवा चरा-चुरुङ्गी तथा जनावरहरूलाई व्यवस्थित ढंगले घरदेखि टाढा खोरमा राखेर सुरक्षित तरिकाले पाल्ने गरौं।
- घर बाहिर निस्कदा, खेत बारीमा काम गर्दा पूरा बाहुला भएको लुगा लगाऔं।
- घरको झ्याल, ढोकामा जाली राख्ने, पानी जम्ने ठाउँमा लामखुट्टे बृद्धि हुने भएकोले घर वरीपरि पानी जम्ने खाल्डाखुल्डी पूरी दिने गरौं।
- लामखुट्टे भगाउने धूप वा मलम प्रयोग गरौं।
- सधैं झुल भित्र मात्रै सुत्ने गरौं।

याद गर्नुहोस्, यो रोगबाट बच्नको लागि १२ महिनाको उमेरमा जे.ई. खोप लगाउनुपर्छ। यदि यो खोप लिन छुटेको छ भने ५ वर्षको उमेरसम्म पनि जे.ई. खोप लगाउन सकिन्छ।

थप जानकारीको लागि निःशुल्क हटलाइन नं. ११९५ मा फोन गर्नुहोस्।

कालिकामाई गाँउपालिकाको कार्यालय
कालिकामाई,पर्सा

जापानिज इन्सेफलाइटिस् रोगबाट बच्ने उपायहरू

- लामखुट्टेको टोकाईबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो।
- हाँस, कुखुरा, सुँगर-बँगुर, घोडा जस्ता घरपालुवा चरा-चुरुङ्गी तथा जनावरहरूलाई व्यवस्थित ढंगले घरदेखि टाढा खोरमा राखेर सुरक्षित तरिकाले पाल्ने गरौं।
- घर बाहिर निस्कदा, खेत बारीमा काम गर्दा पूरा बाहुला भएको लुगा लगाऔं।
- घरको झ्याल, ढोकामा जाली राख्ने, पानी जम्ने ठाउँमा लामखुट्टे बृद्धि हुने भएकोले घर वरीपरि पानी जम्ने खाल्डाखुल्डी पूरी दिने गरौं।
- लामखुट्टे भगाउने धूप वा मलम प्रयोग गरौं।
- सधैं झुल भित्र मात्रै सुत्ने गरौं।

याद गर्नुहोस्, यो रोगबाट बच्नको लागि १२ महिनाको उमेरमा जे.ई. खोप लगाउनुपर्छ। यदि यो खोप लिन छुटेको छ भने ५ वर्षको उमेरसम्म पनि जे.ई. खोप लगाउन सकिन्छ।

थप जानकारीको लागि निःशुल्क हटलाइन नं. ११९५ मा फोन गर्नुहोस्।

पर्सागढी नगरपालिकाको कार्यालय
पर्सागढी , पर्सा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पकहामैनपुर गाउँपालिकाको कार्यालय, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा